प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २१० ॥ २०८२ भाद्र २८ गते शनिबार (13th Sep 2025 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# पहिलो महिला प्रधानमन्त्री बनिन् सुशीला कार्की



झापा(प्रस) । राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा-६१ अनुसार पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरेका छन् । नयाँ संविधान जारी भएपछि सबै सरकारहरू संविधानको धारा ७६ अनुसार गठन भएका थिए ।

तर, जेन-जी आन्दोलनका बलमा प्रधानमन्त्री बनेकी कार्कीले संविधानको धारा-६१ अनुसारको नियुक्तिपत्र पाएकी हुन् ।

नेपालको संविधानको धारा-६१ मा राष्ट्रपति सम्बन्धी व्यवस्था छ, जसमा प्रधानमन्त्रीको पद, अधिकार र नियुक्तिको कुनै प्रसंग उल्लेख छैन ।

संविधानको धारा ६१ (१ र २)मा राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुने व्यवस्थाका साथै राष्ट्रपतिले संविधान र संघीय कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्ने व्यवस्था छ ।

राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्नेछ अनि संविधानको पालना र संरक्षण गर्ने व्यवस्था पनि सोही धारामा छ ।

राष्ट्रपतिले आफ्नो काम, कर्तव्य र क्षेत्राधिकारको विषय उल्लेख भएको धारा अनुसार प्रधानमन्त्री नियुक्त गरेका हुन् ।

यससँगै पहिलो महिला प्रधानन्याधीश बनेर इतिहास रचिसकेकी कार्कीले पहिलो महिला प्रधानमन्त्रीको रुपमा पनि अर्को इतिहास बनाएकी छिन् ।

जेनजी आन्दोलनले एमाले कांग्रेस गठबन्धनको केपी ओली नेतृत्वको सरकार ढलेसँगै कार्की पहिलो महिला प्रधानमन्त्री बन्न सफल भएकी हुन् । कार्की पूर्वप्रधानन्यायाधीश पनि हुन् । गत भदौ २३ गते जेनजी पुस्ताले गरेको आन्दोलनमा प्रहरीको गोली लागेर कम्तीमा १९ जना युवाको मृत्यु भएपछि २४ गते आक्रोशित समूहले देशभर प्रदर्शनसहित आगजनी र तोडफोड गरेको थियो ।

त्यसपछि प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएका थिए । ओलीको राजीनामापछि अन्तरिम सरकार गठनबारे सरोकारवाला पक्षबिच भएको छलफलमा संसद् विघटन र जेनजीका माग सम्बोधन गर्नेगरी कार्कीको नेतृत्वमा सरकार गठन गर्ने सहमति जुटेको थियो ।

मुलुकको पहिलो महिला प्रधानन्यायाधीश बनेर इतिहास रचेकी पूर्वप्रधानन्यायाधीश कार्की अवकाशको करिब आठ वर्षपछि कार्यपालिकाको नेतृत्व गर्ने पहिलो महिला बनेकी हुन् ।

विराटनगरमा कानुन व्यवसायबाट आफ्नो करियर सुरु गरेकी उनी सोझै सर्वोच्च अदालतको न्यायाधीश बनेकी थिइन् ।

न्यायपालिकामा रहँदा हक्की र इमान्दार स्वभावका कारण चर्चामा आएकी पूर्वप्रधानन्यायाधीश कार्कीले जेनजीको प्रदर्शनका दौरान भएको क्षतिग्रस्त संरचनाबाट मुलुकलाई नेतृत्व प्रदान गरेर अबको निर्वाचनपछि आउने नयाँ जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नेछिन् ।

केही वर्षयता मुलुकको राजनीतिक तहमा देखिएको विकृति र विसंगतिमाथि तिखो टिप्पणी गर्दै आएकी कार्कीको नाममा आन्दोलनकारी जेनजीका प्रतिनिधिदेखि काठमाडौं महानगरपालिकाका मेयर बालेन र प्रमुख राजनीतिक दलहरूले सहमति दिएका हुन् ।

किसान परिवारमा जन्मिएकी कार्की मातापिताका सात सन्तानमध्ये जेठी हुन् । २५ जेठ २००९ मा मोरङको शंखरपुरमा जन्मिएकी कार्की विराटनगरमा रहँदा बीपी कोइरालाको परिवार र प्रजातान्त्रिक आन्दोलनमा पनि जोडिइन् ।

न्यायपरिषद्मा रहेको उनको पुरानो अभिलेख अनुसार, उनले २०२८ सालमा विराटनगरको महेन्द्र मोरङ कलेजबाट बीए पास गरिन् अनि २०३१ सालमा बनारसको हिन्दु विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नातकोत्तर गरेकी थिइन् ।

भारतको बनारस हिन्दू विश्वविद्यालयमा पढ्दा प्रजातान्त्रिक आन्दोलनका नेताहरूको संगतका क्रममा उनीसँग कांग्रेस नेता दुर्गा सुवेदीसँग भेट भयो र पछि उनीसँगै नै विवाह गरिन् ।

कांग्रेसको सक्रिय राजनीतिक छाडेको दशकौं भए पनि सुवेदी मुलुकको प्रजातान्त्रिक आन्दोलनका सक्रिय पुराना नेता हुन् । प्रजातान्त्रिक आन्दोलनका लागि आर्थिक स्रोत जुटाउन नेपाली कांग्रेसले २०३० सालमा गरेको विमान अपहरणको घटनामा सुवेदी पनि संलग्न थिए ।कार्कीले २०३४ सालमा त्रिभुवन विश्वविद्यालयबाट कानुनमा स्नातक गरेपछि २०३६ सालदेखि विराटनगरमा आधारित भएर कानुन व्यवसाय थालिन् । त्यसै सिलसिलामा उनले २०४२ सालदेखि चार वर्ष महेन्द्र बहुमुखी क्याम्पस, धरानमा अध्यापन पनि गरिन् । विराटनगरमै

❖ बाँकी अन्तिम पृष्ठमा

# लागूऔषधका नामुद कारोबारीहरु फरार भएपछि सन्त्रास

झापा(प्रस) । जेनजी आन्दोलनको मौका पारेर झापाको प्रहरी हिरासतमा रहेका लागूऔषधका नामुद कारोबारीहरु भागेका छन् ।

झापामा डिलर राखेर ठूलो मात्रामा औषधिजन्य लागूऔषधको कारोबार चलाइरहेका नेकपा एमालेनिकट भानुभक्त खरेललाई प्रहरीले पक्राउ गर्न नसक्दै उनका साझेदार र सहयोगीहरुसमेत प्रहरी हिरासतबाट उम्किएका हुन् । जेनजीको आन्दोलनको मौका छोपेर इलाका प्रहरी कार्यालय बिर्तामोड , इलाका प्रहरी कार्यालय दमक र इलाका प्रहरी कार्यालय झिलझिलेबाट ९२ जना थुनुवा भागेका छन् । भदौ २४ गते भएको आन्दोलनमा आन्दोलनकारीहरुले इलाका प्रहरी कार्यालय दमकबाट ५१ जना, बिर्तामोडबाट ३६ जना र झिलझिलेबाट ५ जना गरी ९२ जना थुनुवाहरुलाई भगाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

भाग्ने ९२ जना थुनुवामध्ये मुख्य कारोबारी भानुभक्त खरेलका कामदार अर्जुनधारा-६ दासपुल बस्ने २५ वर्षीय विनोद घिमिरे, खरेलका साझेदारहरु राजेन्द्र पन्धाक, विष्णु बगाले थापा र गंगाबहादुर खड्का पनि रहेका छन् । घिमिरे र पन्धाक इलाका प्रहरी कार्यालय बिर्तामोडको हिरासतबाट भागेका हुन् भने बगाले र खड्का इलाका प्रहरी कार्यालय दमकको प्रहरी हिरासतबाट भाग्न सफल बनेका छन् ।

गत साउन १ गते नेकपा एमाले बिर्तामोड नगर कमिटी सदस्य तथा राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ झापाका उपाध्यक्ष भानुभक्त खरेलको बिर्तामोडमा रहेको दुईवटा गोदामबाट अहिलेसम्मकै ठूलो परिमाणमा औषधिजन्य लागूऔषध बरामदसंगै प्रहरीले संचालक खरेलका कामदार घिमिरेलाई पक्राउ गरेको थियो ।

त्यसको एक महिना नबित्दै साउन २१ गते राति कमल गाउँपालिका वडा नं ६ काटाचोक बस्ने बिष्णुप्रसाद बगालेको घरमा लागूऔषध लुकाई राखेको अबस्थामा प्रहरीले ठूलो परिमाणमा लागूऔषध पक्राउ पर्यो । एमालेका संगठित सदस्य बगाले नेकपा एमालेबाट निर्वाचित दमक वडा नं ६ का वडाध्यक्ष टेकबहादुर थापाका भाइ र भौतिक, पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालका भान्जा हुन् ।

बगालेसंगै दमक मेडिकल डिस्ट्रिब्युटरका संचालक गंगाबहादुर खड्का पनि पक्राउ परे । त्यसको भोलिपल्ट बिर्तामोडबाट नेकपा एमालेनिकट लोकतान्त्रिक आदिवासी जनजाति महासंघका केन्द्रीय सदस्य राजेन्द्र पन्धाक पनि ठूलो परिमाणमा औषधिजन्य लागूऔषधसहित पक्राउ परेका थिए ।

बगालेको घरमा लागूऔषध लुकाई राखेको भन्ने गोप्य सूचनाको आधारमा घर तलासी लिने क्रममा ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल ३००० , डिसाइक्लोमिन हाइड्रोक्लोराइड ट्याब्लेट २११० र स्पास्पेन २०५० ट्याब्लेट बरामद भएको थियो । त्यस्तै पन्धाकको घरको भुइँतलाबाट माथिल्लो तलाहरुमा जाने सिढी



मुनिको खाली भागमा कागजको कार्टुनहरुले छोपी राखेको २० हजार ट्रामाडोल क्याप्सुल बरामद भएको थियो । त्यसअघि गत साउन १ गते प्रहरीले बिर्तामोड-५ मंगलदीप टोलमा रहेको खरेलको गोदामबाट २ लाख २१ हजार ४०० वटा ट्याब्लेट र १ हजार ८७० एम्पुल लागूऔषध बरामद गरेको थियो । त्यस्तै अहिलेसम्मकै ठूलो परिमाण (२८८ ग्राम ब्राउनसुगर)सहित पक्राउ परेका सिन्धुली भिमान गाउँपालिका वडा नं १० का विनोद विक पनि फरार भएका छन् । उनी बिर्तामोड प्रहरीको हिरासतमा रहेका थिए ।

प्रहरी हिरासतबाट भाग्ने अधिकांश थुनुवाहरु लागूऔषधका कारोवारी र प्रयोगकर्ताहरु रहेका छन् । त्यसबाहेक जवरजस्ती करणी , ज्यान मार्ने उद्योग , अभद्र व्यवहारलगायतका आरोपी रहेका छन् । विभिन्न अपराधका अपराधीहरु नियन्त्रण बाहिर रहँदा समाज त्रसित बनेको छ । लागूऔषधका ती नामुद कारोबारीहरु पुनः पक्राउ पर्न नसके लागूऔषधको धन्धाले अझ विकराल रुप लिने देखिएको छ ।

**इलाका प्रहरी कार्यालय बिर्तामोडबाट फरार भएका थुनुवाहरु**

दमक नगरपालिका वडा नं १ का विजय कर्माकार-लागूऔषध, कमल गाउँपालिका वडा नं १ का सन्तोष मिस्तेरी- लागूऔषध , बिर्तामोड वडा नं ३ का विरबहादुर राजवंशी-लागूऔषध, बिर्तामोड वडा नं १ का विशाल गौतम-लागूऔषध , इलाम नगरपालिका वडा नं ९ का गंगाराम चौहान- लागूऔषध , सोही ठाउँका सुजन अधिकारी-लागूऔषध , बिर्तामोड वडा नं ३ का मोहम्मद ममज मियाँ-लागूऔषध , कनकाई वडा नं ४ का मुस्ताक अन्सारी-लागूऔषध ,सोही ठाउँका सुनिल यादव-लागूऔषध , अर्जुनधारा वडा नं ६ का विनोद घिमिरे -लागूऔषध,सिन्धुली भिमान गाउँपालिका वडा नं १० का विनोद विक-लागूऔषध , झापा गाउँपालिका ३ की प्रेमकला महतो-लागूऔषध , बिर्तामोड वडा नं ६ का अनुमेश गिरी-लागूऔषध , अर्जुनधारा ३ का जीवन चम्लागाँई -लागूऔषध , बिर्तामोड ५ का राजेन्द्र पन्धाक-लागूऔषध ,अर्जुनधारा ८ हाल बिर्तामोड वडा नं ४ का नितेश शिवा दमाई -चोरी, कनकाई वडा नं ७ का चन्द्रबहादुर धमला-चोरी , हल्दिवारी वडा नं ४ का सरोज पौडेल-लागूऔषध , बिर्तामोड ८ का पंकजराज मैनाली-लागूऔषध, सोही ठाउँका शंकर चिमरिया-लागूऔषध , भद्रपुर १० का प्रदिप राई-लागूऔषध , हुम्ला नामखा गाउँपालिका १ का राजु लामा-लागूऔषध , बिर्तामोड ७ का कृष्ण पौडेल- चोरी, अर्जुनधारा८ का घनश्याम साह-लागूऔषध, भद्रपुर ८ का गणेश मिस्त्री-अभद्र व्यवहार , दमक ४ का रामकुमार धिमाल-अभद्र व्यवहार , धनकुटा पोलिखर्क ५ का होमबहादुर विक-अभद्र व्यवहार , सुनसरी दुहवी १२ का शैलेन्द्र मेहता-अभद्र व्यवहार ,सानाहरि नगरपालिका ९ का रोहन चौधरी-अभद्र व्यवहार , कनकाई वडा नं ३ का योगेन्द्र मैनाली-ज्यान मार्ने उद्योग , बाह्रदशी ५का डिकेन्द्र थापा-अभद्र व्यवहार , बिर्तामोड ५ का सुरज गुरुङ -लागूऔषध , कन्काई ३ का रमेश मुखिया सुनुवार-लागूऔषध रहेका छन् ।

**भागेका थुनुवाको अवस्थाबारे अनभिज्ञ**

भागेका थुनुवाहरुको अवस्थाबारे प्रहरी प्रशासन अहिलेसम्म अनभिज्ञ छ ।पुरुष थुनुवाहरु भागेपनि महिला थुनुवाहरु भाग्न नसकेको प्रहरीले जनाएको छ । प्रहरी कार्यालयहरु पुनर्स्थापना भएसंगै फरार थुनुवाहरुको खोजी गरिने जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# जेलबाट भागेका दुईजना कैदी सीमावर्ती क्षेत्रमा पक्राउ



झापा(प्रस) । जेलबाट भागेका दुईजना कैदी झापाको सीमावर्ती क्षेत्रमा पक्राउ परेका छन् ।

लागूऔषध ओसारपसारमा कसुर ठहरी काठमाण्डौस्थित सुन्धारा कारागारमा कैद सजाय भुक्तान गरिरहेकी झापा गौरीगञ्ज ६ खजुरगाछी घर भएकी ५० वर्षीया अन्जली खातुन पक्राउ परेकी हुन् ।

बिहीवार राति ११.१५ बजे सशस्त्र प्रहरी वल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म गौरीगञ्जबाट सशस्त्र प्रहरी नायव उपरीक्षक सुमन थापाको कमाण्डमा १३ जना र इलाका प्रहरी कार्यालय गौरीगञ्जबाट प्रहरी निरीक्षक भुवनबाबु खड्काको कमाण्डमा १० जनाको संयुक्त गस्ती टोलीले गौरीगञ्ज -५ मलाहा टोल सीमा इलाकामा गस्ती गर्ने क्रममा मलाहाटोल सीमा इलाकाबाट भारततर्फ भाग्दै गरेको अवस्थामा खातुनलाई नियन्त्रणमा लिएको हो । उनलाई इलाका प्रहरी कार्यालय गौरीगञ्जमा राखिएको छ । जेनजीको आन्दोलनका क्रममा उनी सुन्धारा कारागारबाट भदौ २४ गते फरार भएकी थिइन् ।

त्यस्तै नेपालको कारागारबाट फरार भएका एक युवक सीमावर्ती भारतीय क्षेत्रमा पक्राउ परेका छन् । बुधवार राति करिव १०.१५ बजे भारत-नेपाल सीमामा पेकटोला एसएसबी क्याम्पका जवान र टेढागाछ थाना प्रहरीको संयुक्त कार्वाहीमा काठमाण्डौको कारागारबाट फरार भएका एक नेपाली युवकलाई भारतीय क्षेत्रमा पक्राउ गरिएको हो । पक्राउ पर्नेमा मोरङ विराटनगर ३ का सुरज कामत रहेका छन् । उनी पिलर संख्या १५४ देखि करिव २०० मिटरभित्र भारतीय सीमा क्षेत्रमा पक्राउ परेको भारतीय प्रहरीले जनाएको छ ।

नेपालको आमवारी हुँदै ई-रिक्सा र पैदल उनी भारतीय सीमामा प्रवेश गरेका थिए । लागूऔषधको अभियोगमा उनले कैद सजाय भुक्तान गरिरहेका थिए । बिहीवार ती कैदीलाई इलाका प्रहरी कार्यालय गौरीगञ्जमा बुझाइएको छ ।

# चार दलभित्र नेतृत्व हस्तान्तरणको दबाब



झापा । भ्रष्टाचार र बेथितिविरुद्ध जेनजी युवाहरूले गरेको विद्रोहले झण्डै दुई तिहाइ मत प्राप्त केपी शर्मा ओली नेतृत्वको शक्तिशाली गठबन्धन सरकार ढल्यो । भदौ २३ गते काठमाडौं लगायत देशका विभिन्न सहरमा भएको विद्रोहमाथि १९ जनाको ज्यान जानेगरी सरकारले दमन गरेको थियो ।

राज्य दमनबाट आक्रोशित भएका उनीहरूले भदौ २४ गते राज्यका प्रमुख अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका नियन्त्रणमा लिएर ध्वस्त पारे । संघ, प्रदेश र स्थानीय तहका सरकारी सम्पत्ति, दलका कार्यालय, नेताहरूको निजी निवास, ठुला उद्योगमा आगजनी गरेपछि अर्बौंको क्षति भयो ।

अत्यधिक प्रविधिको विकाससँगै हुर्किएका जेनजी पुस्ताका मनोविज्ञान पुराना राजनीतिक दल र तीनका नेतृत्वले समयमै बुझ्न नसक्दा राज्यलाई ठुलो क्षति भएको विश्लेषण भइरहेको छ । जेनजीको विद्रोहले वर्षौंसम्म कब्जा जमाएर बसेका परम्परागत दलहरूको राज्यसत्ता मात्र ढालेको छैन, तिनीहरूका दलभित्र पनि पार्टी पुनर्गठनको सशक्त आवाज उठेका छन् । सरकारमा पटक-पटक सहभागी भएका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रभित्र पार्टी पुनर्गठनको माग जोडतोडले उठ्न थालेको छ ।

२०४६ सालमा बहुदलीय व्यवस्था पुनर्स्थापनापछि कांग्रेस, एमाले लगायत दलहरू लगातार सत्ता राजनीतिमा छन् । माओवादी २०६३ सालदेखि लगातार सत्तामा छन् । तीनवटै दलबाट आलोपालो सत्ता सञ्चालन हुँदा समेत आम नागरिक सन्तुष्ट हुन सकेका छैनन् । नेतृत्वको कार्यक्षमतालाई लिएर पार्टीका नेता तथा कार्यकर्ताहरूले पनि तीव्र असन्तुष्टि व्यक्त गरेका छन् ।

एमालेका सचिव योगेश भट्टराईले विकसित घटनाक्रमलाई राम्रोसँग विश्लेषण गरी आफ्नो कमजोरीको समीक्षा गरी गल्तीप्रति आत्मालोचित हुनुपर्ने बताएका छन् । पार्टी संगठन र नेतृत्वको नयाँ ढंगले पुनर्गठन गर्नुपर्नेमा स्पष्ट पारे ।

'पार्टी संगठन र नेतृत्वको नयाँ ढंगले पुनर्गठन गरौं । यो काम होसियारीपूर्वक गरौं । जसले हाम्रो पार्टी एकता कायम गरोस् । पार्टीमा आम सदस्यहरूको अपनत्व र सहभागिता सुनिश्चित गरौं । पार्टीका आन्तरिक प्रक्रियाहरूलाई पूर्णतः पारदर्शी र लोकतान्त्रिक बनाऔं । जनतामा जाऔं, जनतालाई सुनौं र त्यस अनुसार निर्णय गरौं,' बुधबार उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

आफ्नै पार्टीको नेतृत्वमा बनेको शक्तिशाली सरकार विद्रोहको बलमा ढलेपछि मुलुकको

❖ बाँकी अन्तिम पृष्ठमा

# अर्जुनधाराको जुकेखाडीमा एकजनाको हत्या

झापा(प्रस) ।झापा अर्जुनधाराको जुकेखाडीमा एकजनाको हत्या भएको छ ।

बिहीवार राति करिब १२ बजे दुर्गापुर- दानाबारी सडकखण्डअन्तर्गत जुकेखाडीस्थित बाटोमा हत्या गरेको अबस्थामा एकजनाको शव फेला परेको हो । सो शव अर्जुनधारा नगरपालिका वडा न. ३ जुकेखाडी निवासी कोशी भनेर चिनिने २५ वर्षीय बिजय लिम्बूको भएको प्रहरीले बताएको छ । लिम्बूको टाउकोमा धारिलो हतियार प्रहार गरेको जस्तो देखिने गहिरो चोट रहेकोले हत्या भएको हुनसक्ने आशंका रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घटनाबारे अनुसन्धान जारी रहेको छ ।

जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षकसहितको टोली खटिएर शुक्रवार कानुनी प्रकृया पुरा गरी शवलाई पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ ।

## सम्पादकीय

# सेनालाई सलाम

**दुई दिनको आन्दोलनले तहसनहस बनाएपछि मुलुकमा सुरक्षा व्यवस्थाको नेतृत्व नेपाली सेनाले लिएको छ । नयाँ सरकार गठनसम्मको जिम्मेवारी सेनाले सफलतापूर्वक निर्वाह गरिसकेको छ । सेनाका बारेमा विभिन्न अपवाहहरु फैलाइए । तर , नेपाली सेना देश र जनताको हितका लागि कति धेरै कटिवद्ध छ भनेर प्रधानसेनापति अशोक सिग्देलले प्रमाणित गरेर देखाएका छन् । नयाँ सरकार गठनपछि अब राज्यका अरू अवयवहरू पनि सामान्य अवस्थामा फर्किनु जरुरी हुन्छ । आआफ्ना कार्यालयमा उपस्थित भएर कर्मचारीहरूले नागरिकलाई उपलब्ध गराउनुपर्ने सेवा सुचारु गर्न पहल गरिहाल्नु आवश्यक छ । नत्र मुलुक कहिल्यै नतंग्रिने गरी थलिन सक्छ ।**

**जेन–जीका प्रतिनिधिलगायत राष्ट्रपतिका तर्फबाट आह्वान गरिएको वार्तामा बसेर राजनीतिक समाधान निकाल्न पनि विलम्ब गर्नु मनासिब देखिएको थिएन । जति ढिलो हुन्छ देशी विदेशी निहित स्वार्थको कपटखेल उत्तिकै बढी हुनसक्थ्यो । पहिले नागरिक सरकार गठन गरेर अरू राजनीतिक निर्णय त्यही सरकारबाट हुनु लोकतान्त्रिक र आन्दोलनको निर्देशअनुरूप हुनेछ । जे होस् देश संकटमा गएन , संकटकाल लगाउनु परेन ।**

**देशभरका आन्दोलनकारी नवयुवाको समेत प्रतिनिधित्व भएको सर्वपक्षीय भेला गरेर निष्पक्ष एवं निष्कलक्त छविको व्यक्तिको नेतृत्वमा सरकार गठन गरिएपछि देश बिस्तारै सामान्य अवस्थामा फर्कनेछ । सँगै, आन्दोलनकारीको प्रमुख माग भ्रष्टाचारको छानबिन तथा कारबाही भएकाले नयाँ सरकारले भ्रष्टाचारको छानबिन गरी दोषीलाई सजाय दिलाउन निष्पक्ष एवं विश्वसनीय संयन्त्र पनि निर्माण गर्नुपर्छ ।**

**यसरी ठूलो उथलपुथल हुँदा संसारका कतिपय मुलुकमा अनुदार शक्तिको अधिनायकवादी शासन कायम हुनेगरेको पनि देखिएको छ । अनुदार परम्परावादी शक्तिले शासन हत्याउने र लोकतन्त्र फर्काउन पुनः आन्दोलनकारी युवाले वर्षौं सङ्घर्ष गर्नुपरेको अनेकौं उदाहरण इतिहासमा बग्रेल्ती पाइन्छ । नेपाली युवाले पनि त्यस्तै नियति भोग्न नपरोस् भनेर सबै बेलैमा सजग होऊन् । देशमा राष्ट्रियता र लोकतन्त्र कायम रहेमात्र समृद्धि तथा सुशासनको सम्भावना रहने हो । यसैले अबको परिवर्तनबाट राष्ट्रियता र लोकतन्त्र जोगाउनेमात्र होइन झन् सुदृढ बनाउने अभियान पनि सुरु होस् । एक्काइसौं शताब्दीका नवयुवाले गरेको आन्दोलनबाट देश मध्युगीन अन्धकारतर्फ उन्मुख हुनसक्तैन ।**




तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# एआईका पर्यावरणीय जोखिम



• कुलचन्द्र अर्याल

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) अहिले हाम्रो ज्ञानको भोक मेटाउने, हरेक खालका उत्सुकता शान्त पार्ने र सिर्जनशीलतालाई मूर्त रूप दिने सर्वाधिक सहज साधन बनिरहेको छ । एआईले विश्व अर्थतन्त्र, राजनीतिक प्रणाली, सामाजिक सम्बन्ध, प्रविधि प्रयोग तथा ज्ञानको विकास र प्रवाहमा आमूल रूपान्तरण गरिरहेको छ । हामीले आज ससाना कुरा जान्नेदेखि गहन शोधका लागि सहयोगीका रूपमा समेत च्याट जिपिटी जस्ता एआई टुलहरूमा भर पर्न थालेका छौं । एआई च्याट प्लेटफर्महरूको व्यापक प्रयोगको एउटा ज्वलन्त प्रमाण त च्याट जिपिटी नै हो, जसले दिनहुँ दुई अर्ब जिज्ञासाको समाधान गरिरहेको हुन्छ तर जसरी एआईको विकास, विस्तार र प्रयोग व्यापक बनिरहेको छ उसै गरी यसका चुनौती र जोखिम प्नि टड्कारो बनिरहेका छन् ।

एआईले मानिसको बौद्धिक तथा तार्किक क्षमतामा ह्रास ल्याइरहेको र मानवतामै सङ्कट सिर्जना गर्ने खतरा बढिरहेको कुरा यसकै निर्माताहरूले बताउन थालेका छन् । अर्कोतर्फ एआईले पृथ्वीको पर्यावरणमा असर पारिरहेको र अझ त्यसमा पनि सबैभन्दा महत्वपूर्ण तथा संवेदनशील प्राकृतिक स्रोत पानीको चरम दोहन गरिरहेको तथ्य निकै चिन्ताजनक छ । एआई प्रविधिका नकारात्मक वातावरणीय प्रभावहरूको बारेमा विश्वव्यापी रूपमा बहसको सिर्जना भइसकेको छ । एआई प्रविधिले अत्यधिक ऊर्जाको खपत गर्ने हुनाले ऊर्जा उत्पादनका लागि कार्बन उत्सर्जन बढ्नुका साथै डेटा सेन्टरको तापमान नियन्त्रणका लागि करोडौं लिटर पानीको दोहन हुँदा र अत्याधुनिक एआई प्रविधि तथा उपकरण निर्माणका क्रममा सिर्जित विद्युतीय फोहोर र स्रोतको क्षयीकरणले गम्भीर पर्यावरणीय प्रभाव पार्ने निश्चित छ ।

विश्वको आधा जनसंख्याले अहिले नै पानीको अभाव झेलिरहेको छ । यसमा जलवायु परिवर्तनका कारण भइरहेको स्रोतको विनाश र जनसंख्या वृद्धि र प्रविधिसँगै पानीको बढ्दो मागका कारण भविष्यमा पानीको अभाव झनै चर्किने र आगोमा घिउ थप्ने काम गरिरहेको अवस्था छ । एआई प्लेटफर्म तथा च्याटबटहरूले प्रयोगकर्ताका प्रश्नहरूको जवाफ दिन तथा माग अनुसारका एआई सामग्री तयार गर्न भीमकाय अनि अत्याधुनिक डेटा सेन्टरमा रहेका हजारौं कम्प्युटर सर्भरको उपयोग गर्छन् ।

ती डेटा सेन्टरमा व्यापक मात्रामा ऊर्जा खपत हुँदा तापमान उच्च हुने हुनाले चिस्याउनका लागि ठुलो मात्रामा पानीको आवश्यकता पर्छ । एआई च्याटबटले पारम्परिक सर्च इन्जिनले भन्दा अत्यधिक बिजुली खपत गर्छन् र यस्तो विद्युत् खपतले अधिक ताप उत्सर्जन गर्छ । फलतः चिस्याउने प्रणाली तथा ऊर्जाको आवश्यकतामा वृद्धि हुन्छ । डेटा सेन्टरलाई चिसो बनाउनका लागि मात्र नभै एआईको सर्भर सञ्चालन र प्रयोगका लागि चाहिने बिजुली उत्पादनमा समेत पानीकै खपत हुन्छ । त्यस्तै एआई आपूर्ति शृङ्खला र प्रविधि निर्माणमा समेत पानीकै दोहन गर्नु पर्छ । एक अध्ययन अनुसार एआईका लागि उपयोग हुने एउटा माइक्रोचिप उत्पादन गर्न २२ सय ग्यालेन पानीको खपत हुन्छ ।

च्याट जिपिटीको निर्माता कम्पनी ओपन एआईका सिईओ साम अल्टम्यानका अनुसार च्याट जिपिटीले हरेक १५ वटा प्रश्नको जवाफ दिन एक चम्चा पानी खर्च गर्छ । जबकि च्याट जिपिटीको नयाँ अत्याधुनिक संस्करणले चाहिँ प्रत्येक प्रश्नको जवाफ दिँदा २ देखि १० चम्चासम्म पानी खर्च हुने अमेरिकी शोधकर्ताको एक अध्ययनले देखाएको छ । अनि जिपिटी थ्री जस्ता एआई मोडेललाई प्रशिक्षित गर्नका लागि थप १० औं लाख लिटर पानी प्रयोग भइरहेको हुन्छ । इन्टरनेसनल इनर्जी एजेन्सीको अनुमान अनुसार एआईमार्फत सोधिएको एउटा प्रश्नले गुगल सर्चको तुलनामा करिब १० गुणा बढी बिजुली र ऊर्जा खर्च गर्छ, जसले थप पानीको आवश्यकता बढाउँछ ।

ओपन एआईका अनुसार च्याट जिपिटीले हरेक दिन एक अर्ब प्रश्नको जवाफ दिन्छ । इन्टरनेट जगतमा च्याट जिपिटी जस्ता दर्जनौं एआई प्लाटफर्म छन् । ती सबैले उपयोग गर्ने पानीको परिमाणलाई जोड्ने हो भने साँच्चिकै डरलाग्दो तथ्याङ्क आउँछ ।

एक तथ्याङ्क अनुसार विश्वव्यापी रूपमा हाल सञ्चालनमा रहेका डेटा सेन्टरहरूले एक वर्षमा पाँच खर्ब ६० अर्ब लिटर पानी खपत गर्दछन् भने आगामी २०२७ सम्ममा डेटा सेन्टरका लागि ६६ खर्ब लिटर पानीको खपत हुने छ । त्यस्तै प्रविधि कम्पनीहरूले अत्याधुनिक एआई कम्प्युटिङ चिपसहितका डेटा सेन्टरहरू निर्माण गर्ने क्रम बढिरहेको हुँदा एआईका लागि निर्मित डेटा सेन्टरले मात्रै सन् २०३० सम्ममा बर्सेनि १२ खर्ब लिटर पानी प्रयोग गर्ने छन् । एआई उद्योगले खर्च गर्ने पानी बर्सेनि छ गुणासम्मले बढ्दै जाने आकलन गरिएको छ ।

संयुक्त राष्ट्रसंघको एक रिपोर्ट अनुसार सन् २०१२ सम्म विश्वमा कम्प्युटर डेटा सेन्टरको संख्या पाँच लाख थियो, जुन अहिले बढेर ८० लाख पुगेको छ । इन्टरनेसनल इनर्जी एजेन्सीको अनुमान अनुसार सन् २०३० सम्ममा समग्र डेटा सेन्टरद्वारा प्रयोग हुने पानीको मात्रा हालको भन्दा लगभग दोब्बर हुनेछ । त्यसै गरी सन् २०२८ सम्ममा अमेरिकामा खपत हुने कुल बिजुलीमध्ये १२ प्रतिशत त्यहाँका डेटा सेन्टरमा खपत हुने प्रक्षेपण गरिएको छ । एक सय मेगावाटको एउटा डेटा सेन्टरले ७५ हजार घरले खपत गर्नेभन्दा धेरै ऊर्जा र दैनिक २० लाख लिटर पानी खपत गर्छ । गुगलका अनुसार, सन् २०२४ मा उसका डेटा सेन्टरले ३७ अर्ब लिटर पानी खपत गरेका थिए, जसमा २९ अर्ब लिटर पानी वाफ बनेर उड्यो । संयुक्त राष्ट्रसंघका अनुसार उक्त परिमाणको पानी १६ लाख मानिसलाई एक वर्षसम्म दैनिक ५० लिटर प्रयोगका लागि पर्याप्त हो ।

वास्तवमा एआईका लागि उपभोग हुने पानी पुनः प्रयोग गर्न नसकिने गरी क्षयीकरण नै हुने भएकाले त्यो गम्भीर चिन्ताको विषय बनेको हो । किनभने डेटा सेन्टरमा चिस्याउनका लागि प्रयोग हुने पानीमध्ये ८० प्रतिशत हिस्सा वाफ बनेर उड्ने अनि केवल २० प्रतिशत मात्रै पुनः प्रयोगका लागि उपलब्ध हुने हुनाले पृथ्वीमा एआई प्रविधि पानीको मुख्य सत्रु बनेको छ ।

किनकि यसले पानी प्रदूषित बनाउने मात्र नभई पानी नै रित्याइदिन्छ । प्रविधिले हाम्रो जीवन जति धेरै सहज बनाएको छ र एआईले जुन चमत्कार ल्याइरहेको छ त्यसका उत्ति नै धेरै नकारात्मक वातावरणीय असर हुन्छन् । यद्यपि एआई प्रविधि जलवायु परिवर्तनको अध्ययन अनुसन्धान र व्यवस्थापनका साथै ऊर्जाको समुचित प्रयोग अनि जैविक विविधता संरक्षणमा निकै उपयोगी हुन सक्छ तर एआई प्रविधिलाई वातावरणीय दिगोपनासँग जोड्ने गरी यसको प्रयोगमा विश्वव्यापी नियमन गर्नु पर्छ ।

डेटा सेन्टरहरूमा पानी दोहन घटाउने आधुनिक प्रविधिको विकास, नवीकरणीय ऊर्जाको प्रयोग, उपकरणहरूको पुनः प्रयोगसँगै कार्बन र पानीको फुटप्रिन्ट घटाउनेतर्फ सबै जिम्मेवार हुनै पर्छ । यसमा ठुला प्रविधि कम्पनी मात्र होइन आमसामान्य इन्टरनेट प्रयोगकर्ताको समेत जिम्मेवारी रहन्छ । एआईको अनावश्यक तथा अत्यधिक प्रयोग न्यून गरी ऊर्जा र पानीको विनाश रोक्नमा हामी सामान्य इन्टरनेट प्रयोगकर्ताको भूमिका पनि अहम् रहन्छ ।

**नेपालको प्रयास**

हरेक खालका नवीन प्रविधिको शीघ्र अवलम्बन दर नेपालमा साँच्चिकै लोभलाग्दो नै छ । सूचना प्रविधिको निर्यातबाटै देशले बर्सेनि अर्बौं रुपियाँ आर्जन गरिरहेको यथार्थका बिच एआई प्रविधिलाई समेत आत्मसात् गर्दै आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिमार्फत मानव केन्द्रित, नैतिक र समृद्ध नेपाल निर्माण गर्ने दूरदृष्टि सहित एआई नीति २०८२ जारी भएको छ । मूलतः एआई नीति यस प्रविधिको अधिकतम तथा सुरक्षित प्रयोगमार्फत देशको आर्थिक-सामाजिक विकासमा द्रुतता दिने उद्देश्यमै केन्द्रित छ । एआईका प्रारम्भिक लाभसमेत ग्रहण नगरिसकेको अवस्थामा यसका दीर्घकालीन पर्यावरणीय असरबारे पूर्वसावधानीको तहमा यो नीतिले सम्बोधन गर्न सकेको छैन ।

एआईसँग सम्बन्धित उच्च क्षमताका अत्याधुनिक पूर्वाधार निर्माण गर्ने, डेटा सेन्टर र क्लाउड पूर्वाधारको निर्णमा र एआई हार्डवेयर निर्माणका लागि नेपालमै उद्योग स्थापना जस्ता विषय नीतिको प्राथमिकतामा छन् ।

यद्यपि दिगो र भरपर्दो एआई इकोसिस्टम तयार पार्ने उद्देश्यसमेत राखेको यो नीतिमा नेपालको उच्च पहाडी तथा हिमाली क्षेत्रमा हरित पूर्वाधारको प्रयोग गरी डेटा सेन्टरको स्थापना र सञ्चालन गर्ने विषय उल्लेख हुनुले एआई पूर्वाधारबाट हुन सक्ने पर्यावरणीय जोखिमतर्फ समेत केही हदसम्म ख्याल गरिएको प्रतित हुन्छ । साथै पर्यावरण र प्राकृतिक स्रोतको संरक्षण, जल तथा मौसम पूर्वानुमान, विपत् व्यवस्थापन र प्रदूषण नियन्त्रणमा एआईको अधिकतम प्रयोग गर्नेलगायतका विषय एआई नीतिमा समावेश हुनु वास्तवमा एआई प्रविधिलाई पर्यावरणीय दिगोपनाका निम्ति उपयोग गर्नेतर्फको दूरगामी सोचका रूपमा लिन सकिन्छ ।

# विकासशीलमा स्तरोन्नतिपछिका जोखिम



• कृष्णमणि पराजुली

नेपालको अर्थतन्त्र सुधारोन्मुख भनिएको छ । अर्थतन्त्रमा खासै सुधार भएको देखिँदैन । बाह्य अर्थतन्त्रका केही सूचक सकारात्मक हुँदैमा समग्र अर्थतन्त्र राम्रो हुँदैन । मूलतः आन्तरिक अर्थतन्त्र बलियो भएमा मात्र अर्थतन्त्र दरिलो हुने हो । नेपालको आन्तरिक अर्थतन्त्र अहिले पनि मन्दीको अवस्थाबाट गुज्रिरहेको छ । बैङ्क तथा वित्तीय संस्थामा करिब ७० खर्बभन्दा बढी तरलता छ भने आठ खर्बको हाराहारीमा लगानीयोग्य रकम छ । यो रकम लगानी नभएकाले अर्थतन्त्र चलायमान हुन सकेको छैन । अर्थतन्त्रमा मन्दी आएकाले आन्तरिक उत्पादन वृद्धि हुन सकेको छैन । बैङ्क तथा वित्तीय संस्थाले क्रमिक रूपमा ब्याजदर घटाउँदै गएको अवस्थामा पनि उद्योगी तथा व्यावसायीले कर्जा लिन चाहिरहेका छैनन् । मुख्य समस्या बजारमा माग सिर्जना नभएकाले उत्पादनमा ह्रास आउन थालेको छ । आन्तरिक उत्पादनमा सुधार आउन नसकेकाले राजस्व आम्दानी प्रतिकूल हुँदै गएको छ । राजस्वले साधारण प्रकृतिको खर्चसमेत धान्न धौ धौ भएको अवस्थामा विकासनिर्माणमा राजस्वको योगदान हुन सकेको छैन ।

पुँजीगत बजेट खर्च नहुने र चालुगत बजेट भने पूरै खर्च हुँदा अर्थतन्त्र प्रभावकारी हुन सकेको छैन । पुँजीगत बजेट प्राथमिकतामा रहनुपर्नेमा चालुगत बजेटले प्राथमिकता पाएकाले अर्थतन्त्र उल्टो दिशातर्फ उन्मुख भएको छ । वितरणमुखी बजेट भएकाले प्रत्येक वर्ष सरकारी दायित्व बढ्दै गएको छ । विप्रेषणबाट ठुलो रकम आउने गरेको छ । अधिकांश रकम उपभोगमा खर्च हुने गरेको छ । तथ्याङ्कले देखाए अनुसार ६८ प्रतिशत रकम अनुत्पादक क्षेत्रमा र बाँकी ३२ प्रतिशत अन्य कार्यमा खर्च हुने गरेको छ । विप्रेषणबाट प्राप्त रकमले घरपरिवार धानिए पनि राष्ट्रिय उत्पादनमा योगदान दिएको देखिँदैन ।

शोधनान्तर स्थिति अनकूल भए पनि यो आर्थिक क्रियाकलापबाट भएको होइन । आयातमा कसिलो र निर्यातमा खुकुलो नीति अवलम्बन गरेकाले अनुकूल भएको हो । अर्थतन्त्र स्वचालित नहुने र पटके नीति जारी गर्दा केही समय अर्थतन्त्र सुधारिएको जस्तो देखिए पनि सधैँ त्यही अवस्था हुँदैन । अर्थतन्त्रलाई गति दिन विभिन्न आर्थिक पक्षमा सुधार गर्नु आवश्यक छ ।

अर्थतन्त्रको यस प्रकारको अवस्थामा नेपाल २०२६ देखि अतिकम विकसित मुलुकबाट विकासोन्मुख देशमा स्तरोन्नति हुँदै छ । यो सकारात्मक विषय हो किनभने यसले अन्तर ीष्ट्रियस्तरमा नेपालको छवि राम्रो भएको सन्देश प्रवाह गर्ने छ । नेपालले स्तरोन्नतिको स्थिति कायम गरिराख्छ कि राख्दैन ? मुख्य प्रश्न यो हो । विकासशील मुलुकमा स्तरोन्नति हुन संयुक्त राष्ट्रसंघले मानव सम्पत्ति सूचकाङ्क, आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क र प्रतिव्यक्ति राष्ट्रिय आय सूचकाङ्क गरी तीन वटा मापदण्ड पूरा गर्नु पर्छ । यी मापदण्डमध्ये दुई वटा पूरा गरिसकेको र प्रतिव्यक्ति राष्ट्रिय आय मात्र पूरा गर्न बाँकी भए पनि यो पूरा हुने निश्चित भएकाले नेपाल सन् २०२६ मा विकासशील मुलुकमा स्तरोन्नति हुने प्रायः निश्चित नै छ ।

मानव सम्पति सूचकाङ्कमा न्यूनतम सीमा ६६ अङ्क राखिएको छ । नेपालले सन् २०२४ मा यसमा ७६ अङ्क प्राप्त गरेको छ । वातावरणीय जोखिम सूचकाङ्कमा ३२ वा सोभन्दा मुनि सीमा निर्धारण गरिएको छ । यो सूचकमा पनि नेपालले २९.७ अङ्कमा सीमित भएको हुँदा सन्तोषजनक नै देखिन्छ । विकासशील राष्ट्रमा स्तरोन्नति हुनका लागि प्रतिव्यक्ति राष्ट्रिय आय एक हजार ३०६ अमेरिकी डलर हुनुपर्नेमा नेपालको एक हजार तीन सय पुगिसकेको छ । यो सूचकमा पनि नेपालले सफलता प्राप्त गर्न सक्ने छ । यसरी सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने छ ।

अतिकम विकसित मुलुक भएको नाताले नेपालले विश्व बैङ्कबाट निकै सहुलियत पाइरहेको छ । पहिले विश्व बैङ्कबाट ०.७५ प्रतिशत ब्याजदरमा ऋण प्राप्त गरी आएको र यसको भुक्तानी अवधि ४० वर्ष रहेको थियो । अहिले भुक्तानी अवधि ३० वर्षमा झारिएको छ । ब्याजदर बढाएर १.५ प्रतिशत पुर्‍याएको छ । विगतमा अतिकम विकसित मुलुकले पाइरहेको सहुलियतमा यसरी कटौती हुँदा नेपाल जस्ता गरिब देशको अर्थतन्त्र झनै खस्कने अनुमान गर्न सकिन्छ । त्यस कारण विश्व बैङ्कले मात्र होइन कि नेपाललाई सहयोग गर्ने अन्य कतिपय संस्था तथा देशले दिँदै आएको सुविधामा कटौती गर्दा देशको आर्थिक अवस्था कमजोर हुन सक्छ । सन् १९७१ देखि नै संयुक्त राष्ट्रसंघले नेपाललाई अतिकम विकसित मुलुकको सूचीमा राखेको थियो । यही कारणले गर्दा विश्व समुदायबाट नेपालले सुविधायुक्त ऋण, अनुदान तथा अन्य सुविधा प्राप्त गरेको अवस्था थियो । अनुदानमा कटौती र सुविधाबाट वञ्चित हुनुपर्दा नेपाललाई समस्या पर्ने छ । अतिकम विकसित मुलुकको हैसियतले पाउने सुविधा निश्चय नै घट्दै जाने हुन्छ । युरोपियन युनियनबाट व्यापार सहुलियत, अमेरिका, जापान जस्ता विकसित देशबाट भन्सार शुल्क, कोटाविहीन प्रणाली जस्ता सुविधा उपभोग गरिरहेकोमा सन् २०२६ पछि बन्द हुँदा नेपाली उत्पादनको लागत बढ्न जाने छ । जसले गर्दा नेपाली अर्थतन्त्रमा समस्या सिर्जना हुने छ । अतिकम विकसित मुलुकबाट बाहिरिएपछि नेपालले विभिन्न समस्या भने झेल्नैपर्ने हुन्छ । डब्लुटिओ जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाको कडा नियमका कारणले गर्दा नेपाली उत्पादनले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्दैनन् । नेपालको उत्पादन कम गुणस्तर र मूल्य बढी हुँदा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न गाह्रो हुन्छ ।

वैदेशिक सहायता मूलतः ग्रामीण विकास, जलविद्युत् विकास, पर्यटन, पूर्वाधार निर्माण, सामाजिक विकास जस्ता क्षेत्रमा लगानी भइआएको छ । स्तरोन्नतिपश्चात् यस्ता क्षेत्रमा सहुलियत ऋण आउँदैन । उच्च ब्याजदरमा ऋण लिनुपर्ने हुन्छ । अर्कोतर्फ अनुदान कटौती हुन्छ । अनुदान कटौती हुँदा सामाजिक क्षेत्रका कार्यक्रम सञ्चालनमा प्रतिकूल प्रभाव पर्न सक्छ । यस्तो अवस्थामा देशको वित्तीय दायित्व बढ्छ । विदेशी लगानीकर्ताले अति कम विकसित मुलुकमा लगानी गर्दा विशेष सुविधा पाउने भएकाले नै लगानी गर्छन् । विकासशील मुलुकमा स्तरोन्नति भएपछि भने लगानीकर्ता विशेष सुविधाबाट वञ्चित हुने भएकाले बाह्य लगानीकर्ता उत्साहित हुँदैनन् । परिणामस्वरूप लगानी आउँदैन ।
अहिले जलवायु परिवर्तनको असर विश्वभरी परेको छ । नेपाल पनि यसबाट अछुतो छैन । हिमालमा हिउँ पग्लिएर समस्या निम्त्याउने गरेको छ । बाढीपहिरो जस्ता प्राकृतिक विपत् का घटनाले नेपालको अर्थतन्त्रमा धक्का दिइरहेको छ । नेपाल अति कम विकसित मुलुक भएको नाताले जलवायु परिवर्तनमा सुधार ल्याउन अनुदान प्राप्त गर्दै आएको छ, अब यस्ता अनुदान पनि गुम्ने सम्भावना देखिन्छ । वित्तीय स्रोतसाधनको अभाव खेपिरहेको नेपालले स्तरोन्नति भएपछि राष्ट्रसंघीय विकास कार्यक्रम, राष्ट्रसंघीय बाल कोषले उपलब्ध गराउने सहयोगमा समेत निश्चय नै कटौती हुने छ । अर्कोतर्फ नेपालले संयुक्त राष्ट्रसंघलाई दिनुपर्ने रकममा पनि वृद्धि हुने छ । नेपाली विद्यार्थीले पाउने छात्रवृत्तिको कोटासमेत कटौती हुन जाने छ । यसरी नेपालले विभिन्न किसिमबाट लिँदै आएका सहुलियत र सुविधा कटौती हुँदा ठुलो चुनौती समाधान गर्नुपर्ने हुन्छ । जनताको बढ्दो आकांक्षा पूरा गर्न पनि बाह्य लगानी आवश्यक छ । स्तरोन्नतिपछि उत्पन्न हुने विभिन्न समस्याप्रति भने नेपाल अहिलेदेखि नै सतर्क हुनु पर्छ ।

नेपाल अति कम विकसित देशबाट विकासशील मुलुकमा स्तरोन्नति हुनु आफैँमा सकारात्मक भएकाले यसलाई अवसरका रूपमा लिनु पर्छ । चुनौती भए पनि चुनौतीलाई कसरी समाधान गर्ने हो त्यसतर्फ लाग्नु पर्छ । यसले मुलुकको शिर ठाडो बनाउँछ । अन्तर्राष्ट्रिय जगत्ले हेर्ने दृष्टिकोणमा फरक हुन्छ । अहिले अनुकूल अवस्था यस्तो देखिन्छ कि नेपालले सार्वभौम साख मूल्याङ्कनमा पनि ‘डबल बी’ माइनस स्कोर रेटिङ प्राप्त गरेकाले पनि विश्व जगत्ले नेपाललाई विश्वास गर्ने वातावरण निर्माण भएको छ ।

केही दिनअघि मात्र सार्वभौम संसद्मा वैदेशिक सहयोग घट्ने सम्भावनालाई लिएर सांसदले चिन्ता र चासो देखाएका थिए । विकासशील मुलुकमा स्तरोन्नति भएपछि खास गरेर भन्सार सुविधा हट्ने, ऋण लागतमा वृद्धि, निर्यातमा कमी, अनुदान घट्ने जस्ता विषय निश्चय नै संवेदनशील छन् । यही विषयलाई दृष्टिगत गरी सरकारले स्तरोन्नतिपछि आउने चुनौती सामना गर्न विभिन्न रणनीति बनाएको छ । जसमा कानुन संशोधन, लगानी वातावरण, पूर्वाधार विकासमा जोड र कूटनीति सुदृढ गर्ने जस्ता विषय समेटिएका छन् ।

नेपाल स्तरोन्नति हुँदै गर्दा मुस्किलले परीक्षा उत्तीर्ण गरेको छ । त्यस कारण स्तरोन्नति भए पनि देशले बेहोर्दै आएका समस्या एकै पटक सुल्झिने होइनन् । स्तरोन्नति टिकाइराख्न नेपालले धेरै काम गर्नुपर्ने छ । नेपालको मुख्य निर्यात हुने तयारी पोसाक, कार्पेट, छाला, छालाजन्य वस्तु निर्यातमा असर पर्ने छ । स्तरोन्नतिपछि विकसित मुलुकबाट पाउँदै आएको भन्सार तथा कोटारहित बजारको सुविधा प्राप्त हुँदैन । यस्तो अवस्थामा नेपालले विश्व बजारमा अरू सरह प्रतिस्पर्धा गर्नु पर्छ । नेपालले समयमा नै चुनौतीको सामना गर्दै स्तरोन्नति कायम गर्न आवश्यक रणनीति बनाएर अघि बढ्नु पर्छ । अहिले नेपालले जुन सुविधा पाइरहेको छ त्यसलाई निरन्तरता दिन सम्बन्धित देशलाई अनुरोध पनि गर्नु पर्छ ।

